हरिवन नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

हरिवन, सर्लाही

प्रदेश नं. २ नेपाल

## करारमा सेवा लिने सम्बन्धी सूचना

(सूचना प्रकाशित मिति : २०७७/०८/०९ गते)

हरिवन नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको प्रशासन उपशाखामा रहने गरी "भूमिहीन दलित, भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोवासीको पहिचान, लगत संकलन" का लागि निम्न पदको रुपमा देहायको संख्या र योग्यता भएको कर्मचारी करारमा राख्नु पर्ने भएकाले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र दिनको २:०० बजेसम्म राजश्व तिरेको रसिदसहित दरखास्त दिन हुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशन गरिएको छ। यसको फाराम, दरखास्त दस्तुर, कार्य विवरण, पारिश्रमिक, सेवाका शर्तहरु सहितको विस्तृत विवरण कार्यालयबाट वा वेवसाइट www.harionmun.gov.np बाट उपलब्ध हुनेछ। यस नगरपालिकाको प्रचलित कानुन बमोजिम कर्मचारीको छनौट हुनेछ।

| क्र.सं. | विज्ञापन नम्वर | पद नाम | संख्या |
|---|---|---|---|
| १ | ६/२०७७/७८ | तथ्याङ्क संकलक | ११ जना |

२. **शैक्षिक योग्यता र अनुभव :**

२.१ नेपाली नागरिक।

२.२ न्यूनतम योग्यता : मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रविणता प्रमाणपत्र तह वा १०+२ वा सो सरह उत्तीर्ण भई कम्प्युटर सम्बन्धी ३ महिने आधारभूत तालिम प्राप्त।

२.३ १८ वर्ष उमेर पुरा भई ४० वर्ष ननाघेको हुनुपर्ने।

२.४ अन्य प्रचलित कानुनद्वारा अयोग्य नभएको।

३. **परिक्षाको किसिम :** अन्तर्वार्ता।

४. **परिक्षा दस्तुर :** रु. ५००/- (पाँच सय) बुझाउनु पर्नेछ।

५. **करार अवधि :** ३ (तीन) महिना।

६. **पारिश्रमिक :** मासिक रु. २५,०००/-।

७. **दरखास्तमा संलग्न गर्नुपर्ने :** उम्मेदवारको व्यक्तिगत विवरण, शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि, नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, अनुभवको प्रमाणित प्रतिलिपि संलग्न हुनु पर्नेछ। पेश गरिने सबै प्रतिलिपिको पछाडि उम्मेदवार स्वयंले हस्ताक्षर गरी प्रमाणित गर्नु पर्नेछ।

८. यस नगरपालिकाका वासिन्दा तथा योग्यता पुगेका अनुभवी महिला, दलित, अपाङ्ग तथा सिमान्तकृतहरुलाई विशेष ग्राह्यता दिइने छ।

प्रमुख प्रशासकीय अधिकृत